# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालयको सूचना १

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बाँके जिल्लाको देहायको चारकिल्लाभित्रको ५५० वर्ग किलोमिटर क्षेत्रलाई बाँके राष्ट्रिय निकुञ्ज घोषणा गरेको छ :-

चारकिल्ला

पूर्व : पूर्व-पश्चिम राजमार्गमा रहेको शिव खोलाको पुलदेखि उत्तरतर्फ बाँके र दाङ्ग जिल्लाको सिमाना शिव खोला र सो खोलाको मुहान हुँदै चुरे पहाडको धुरीसम्म ।

पश्चिम : बर्दिया राष्ट्रिय निकुञ्जको पूर्वी सिमाना नेपालगञ्ज सुर्खेत रोडको चिसापानीदेखि उत्तरको देउराली डाँडासम्म ।

उत्तर : शिव खोलाको मुहान माथिको चुरे पहाडको धुरीबाट पश्चिमतर्फ दाङ्ग, सल्यान, बाँके र बर्दिया जिल्लाको सिमाना छुट्याउने चुरे पहाडको अग्लो डाँडैडाँडा नेपालगञ्ज सुर्खेत रोडको उत्तरतर्फको देउराली डाँडासम्म ।

दक्षिण : बर्दिया राष्ट्रिय निकुञ्जको पूर्वी सिमाना नेपालगञ्ज सुर्खेत रोडको चिसापानीको पूर्व दक्षिण किनाराको पिलरबाट च्यामागाउँ, खडगवार, महादेवपुरी, बालापुर र ओभरी गाउँ तथा हस्तान्तरित सामुदायिक वनहरुलाई बाहिर पारी वन चेक पोष्टको पूर्वतर्फको पूर्व-पश्चिम राजमार्गसम्म जोडिने गरी निर्माण गरिने वनपथ, त्यहाँबाट पूर्व-पश्चिम राजमार्ग हुँदै गोथेरी, गाभर, वैरीया, चप्परगौडी गाउँ तथा सामुदायिक वनहरुलाई बाहिर पारी पूर्व-पश्चिम राजमार्गको शिव खोला पुलसम्म ।

## सूचना २

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३क. को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बाँके राष्ट्रिय निकुञ्जको वरिपरिको बाँके, दाङ्ग र सल्यान जिल्लाको देहायको चारकिल्लाभित्रको ३४३ वर्ग किलोमिटर क्षेत्रलाई बाँके राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र तोकेकोले यो सूचना प्रकाशन गरिएको छ :-

### चारकिल्ला

**बाँके जिल्ला अन्तर्गतको पूर्वी क्षेत्र**

पूर्व : शिव खोला ।

पश्चिम : खैरी खोला ।

उत्तर : बाँके राष्ट्रिय निकुञ्जको दक्षिणी सिमाना वनपथ ।

दक्षिण : राप्ती नदी र शिव खोला दोभानबाट राप्ती नदीलाई भित्र पारी खैरी खोला र राप्ती खोलाको दोभानसंग ।

**बाँके जिल्ला अन्तर्गतको पश्चिमी क्षेत्र**

पूर्व : ओभरी गाउँनेर बाँके राष्ट्रिय निकुञ्जको वनपथ र पूर्व-पश्चिम राजमार्ग जोडिने विन्दुबाट दक्षिणतर्फको राजमार्ग ।

पश्चिम: बर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रको पूर्वी सिमाना ।

उत्तर : बाँके राष्ट्रिय निकुञ्जको दक्षिणी सिमाना वनपथ ।

दक्षिण : ओभरीदेखि कोहलपुरसम्म पूर्व-पश्चिम राजमार्ग, कोहलपुरबाट रत्न राजमार्ग हुंदै बर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रको पूर्वी सिमानासम्म ।

**दाङ्ग र सल्यान जिल्ला अन्तर्गतको उत्तरी क्षेत्र**

पूर्व : चुरे पहाडको मुख्य धुरीबाट मलाइ खोलाको पानी ढलोको धार हुंदै मलाइ खोला र बबई नदीको दोभानसम्म ।

पश्चिम: बर्दिया राट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रको पूर्वी सिमाना ।

उत्तर : बबई नदी ।

दक्षिण : बाँके राष्ट्रिय निकुञ्जको उत्तरी सिमाना ।

आज्ञाले,

मिति २०६७।३।२२ सूर्य प्रसाद जोशी

नेपाल सरकारको निमित्त सचिव

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी दार्चुला जिल्लाको देहायको चारकिल्लाभित्रको १,९०३ वर्ग किलोमिटर क्षेत्रलाई अपी-नाम्पा संरक्षण क्षेत्र घोषणा गरेको छ :-

चारकिल्ला

पूर्व : बझाङ्ग जिल्लाको सिमाना ।

पश्चिम : महाकाली नदीको भारतसंगको अन्तर्राष्ट्रिय सिमाना ।

उत्तर : मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बतसंगको अन्तर्राष्ट्रिय सिमाना ।

दक्षिण : लास्कु खोला र नौगाड खोला ।

आज्ञाले,

मिति २०६७।३।२२ सूर्य प्रसाद जोशी

नेपाल सरकारको निमित्त सचिव